नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, वैशाख १ गते २०६२ साल (अतिरिक्ताङ्क २ (क)

भाग ३

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना

श्री ५ को आदेश प्रमाणित गर्ने (पहिलो संशोधन) नियमावली, २०६२

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (५) बमोजिम श्री ५ को आदेश प्रमाणित गर्ने (पहिलो संशोधन) नियमावली, २०६२ जारी गरिबक्सेको छ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "श्री ५ को आदेश प्रमाणित गर्ने(पहिलो संशोधन) नियमावली, २०६२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. श्री ५ को आदेश प्रमाणित गर्ने नियमावली, २०४८ को नियम ४ मा संशोधनः श्री ५ को आदेश प्रमाणित गर्ने नियमावली, २०४८ को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४ श्री ५ को आदेश प्रमाणित गर्ने अधिकारीः (१) नियम ३ अनुसार श्री ५ को नाममा हुने काममा मौसूफबाट बक्सेको आदेश उप-नियम (२) को अधिनमा रही प्रमुख राजदरबार पदाधिकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा उप-प्रमुख राजदरबार पदाधिकारी, प्रमुख राजदरबार समारोह प्रबन्धक वा राजदरबार समारोह उप-प्रबन्धक, मुख्य प्रमुख सचिव वा प्रमुख सचिव, वा सचिव, प्रमुख सैनिक सचिव वा सैनिक सचिव प्रमुख निजी सचिव वा निजी सचिव तथा प्रमुख सम्बाद सचिव वा सम्बाद सचिवद्वारा प्रमाणित गरिनेछ ।

तर–

(क) राजपरिषदको बैठक बोलाउने सम्बन्धमा श्री ५ को आदेश राजपरिषद्का सचिवद्वारा प्रमाणित हुन सक्नेछ,

(ख) श्री ५ को आदेश प्रमाणित गर्ने पदाधिकारीले लेखी पठाएको श्री ५ को आदेश प्राप्त भएपछि संसदको अधिवेशन आव्हान गर्ने, संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त गर्ने, प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको बखतमा प्रतिनिधिसभाको अधिवेशन वा बैठक बोलाउने, संसदको कुनै बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिबक्सन सदस्यहरूको उपस्थिति समादेश गर्ने तथा प्रतिनिधिसभा विघटन गर्ने सम्बन्धमा श्री ५ को आदेश संसदको महासचिव, प्रतिनिधिसभाको सचिव वा राष्ट्रिय सभाको सचिवद्वारा प्रमाणित हुन सक्नेछ ।

(२) लालमोहर ऐन बमोजिम प्रमाणित हुनुपर्ने श्री ५ को आदेशका हकमा सोही ऐन बमोजिम हुनेछ ।"

हुकुम बक्सेबमोजिम,
मी सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।